नेपाल नगरपालिका संघको द्वीमासिक प्रकाशन

# नगर बुलेटिन
MuAN Newsletter

वर्ष : २ | अंक : ५ | साउन-असोज, २०७६ (Aug-Sept, 2019) | पृष्ठ ४




## प्रदेश समन्वय परिषद् नमूना कार्यविधि अन्तरक्रिया सम्पन्न

प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदेश समन्वय परिषद्को व्यवस्था गरेको छ र उक्त परिषद्को बैठकलाई व्यवस्थित रूपमा सञ्चालन गर्न नेपाल नगरपालिका संघको पहलमा "प्रदेश समन्वय परिषद् सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि" को नमुना तयार गरिएको छ । उक्त नमुना कार्यविधिको प्रस्तुती र छलफल गरी प्रदेश समन्वय बैठक गर्न प्रदेश सरकारलाई सहज बनाउने उद्देश्य सहित संघले सुदुरपस्चिम प्रदेश, कर्णाली प्रदेश, गण्डकी प्रदेश र प्रदेश न २ मा अन्तरक्रिया कार्यक्रम सम्पन गरेको छ ।

प्रदेश न २ मा प्रदेश समन्वय परिषद् व्यवस्थापन तथा कार्यन्वयन सम्बन्धी नमूना कार्यविधि उपर अन्तरक्रिया कार्यक्रम २०७६ भाद्र १९ गतेका दिन जनकपुरधाममा सम्पन्न भएको छ। प्रदेश २ मा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता नेपाल नगरपालिका संघका प्रदेश नं. दुईका संयोजक शेख वकिलले गर्नुभएको थियो । कार्यक्रममा प्रदेश दुईका आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादव प्रमुख अतिथिको रूपमा हुनुहुन्थ्यो भने प्रदेश २ का प्रतिनिधि सभा सदस्यज्यूहरू, प्रदेश २ समन्वय समितिका कार्यसमिति सदस्यज्यूहरू, धनुषा जिल्ला अन्तर्गतका नगरपालिकाका मयेर तथा उपमयेरहरू, जिल्ला समन्वय समिति महासंघ प्रदेश २ का प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ प्रदेश २ का प्रतिनिधिहरूको सहभागिता थियो ।



यस कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले संघीयतालाई संस्थागत गर्न हरपल तत्पर रहने बताउनुभयो । अर्को प्रदेश संसद परमेश्वर साहले प्रदेश र स्थानीय तहको हठका कारण दुबै सरकारबीच सहकार्य हुन नसकेको बताए । दुबै सरकारको अस्तित्व एक अर्काले

बाँकी पृष्ठ ३ मा...

## सम्पादकीय

नेपाल नगरपालिका संघको यस वर्षको पाँचौ अङ्क यहाँको हातमा छ । यस बुलेटिनमा संघले गत दुई महिनाको अवधिमा सम्पन्न गरेका कृयाकलापहरू समेटिएका छन् ।

विशेषगरी नगरपालिकाहरूका लागि संघले तयार गरेको केही नुमना कानुनको मस्यौदालाई परिमार्जन गर्ने कार्य र सोलाई सम्पुर्ण नगरपालिकाहरुमा वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

त्यसैगरीप्रदेश समन्वय परिषद्को नियमित बैठक र गतिशीलताका लागि कार्यविधिको मस्यौदालाई विभिन्न प्रदेशमा अन्तरक्रियासहित कार्यान्वयनमा ल्याउन सहजीकरण गरिएको छ ।

अन्य सामग्री पनि पठनीय र जानकारीमुलक रहेको हाम्रो ठहर छ ।

## नमुना कानुन तयारी कार्यक्रम

नेपाल नगरपालिका संघले नगरपालिकाहरूका लागि निर्माण गरेको "सुशासन तथा विधायन समिति गठन र संचालन नियमावली २०७६ (नमुना)" प्रस्तुती तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २२ को अधिकार प्रयोग गरी उक्त नमुना कानुनको निर्माण गरिएको नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले बताउनुभयो । कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव डा.सोमलाल सुवेदीले सुशासन समिति गठन र संचालन नियमाली २०७६ को प्रस्तुती गर्नुभएको थियो भने विधायन समितिको गठन र संचालन नियमावली २०७६ को प्रस्तुती बरिष्ठ अधिबक्ता डा.चन्द्रकान्त ज्ञवालीले गर्नुभएको थियो भने मुख्य टिप्पणीकर्ताको रूपमा विज्ञ खेमराज नेपाल र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव रुद्रसिंह तामाङले टिप्पणी गर्नुभएको थियो ।

विभिन्न नगरपालिकाका नगर प्रमुख/उप्रपमुख, विकास साझेदार संघ/संस्थाका प्रतिनिधिहरू, विज्ञहरू, तथा नेपाल नगरपालिका संघका पदाधिकारी तथा कार्मचारीहरूको उल्लेख्य

बाँकी पृष्ठ २ मा...



मितिः २०७६/०६/१४

## प्रेस बिज्ञप्ती

### खुल्ला दिशामुक्त राष्ट्र घोषणामा संघको प्रतिबद्धता

यहि मिति २०७६ साल असोज १३ गते सोमवार नेपाल सरकारले गरेको "खुल्ला दिशामुक्त राष्ट्र नेपाल" घोषणालाई नेपाल नगरपालिका संघ हार्दिक स्वागत गर्दछ । यस सरसफाई सम्बन्धी महत्वपूर्ण अभियानमा नेपाल नगरपालिका संघले खेलेको महत्वपूर्ण भूमिकामा साथ दिनु भएका नगरपालिकाहरुलाई बधाई दिन चाहन्छौं । न्यूनतम मापदण्ड पुरा गरेर भए पनि देश आजको दिनमा "खुल्ला दिशामुक्त राष्ट्" घोषणा हुनु महत्वपूर्ण उपलब्धी हो । अब पूर्ण सरसफाईको लक्ष्य हासिल गर्ने प्रमुख सूचक दिशाजन्य लेदो व्यवस्थापन समेत भएको हुँदा यो अझै चुनौतीपूर्ण छ । यस घडीमा नेपाल नगरपालिका संघले गर्दै आएको दक्षिण एशियाली नगरपालिका सञ्जालमा सरसफाइ पैरवी परियोजना अन्तर्गत साथ दिनु भएका सम्पूर्ण संघ, संस्थाहरुलाई धन्यवाद व्यक्त गर्दै नेपालका सम्पूर्ण नगरपालिकाहरुलाई सहरी सरसफाई, फोहरमैला व्यवस्थापन एवं दिशाजन्य लेदो व्यवस्थापन गर्न प्रोत्साहन, सहयोग र सहजीकरण गर्ने थप प्रतिबद्धता व्यक्त गर्दछौं ।

साथै वडा दशैं, तिहार, नेपाल संवत् र छठको उपलक्ष्यमा नेपाल नगरपालिका संघको तर्फबाट सबैलाई मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छौं ।

अशोक कुमार ब्याञ्जु श्रेष्ठ
अध्यक्ष

नेपाल नगरपालिका सङ्घद्वारा प्रकाशित त्रैमासिक बुलेटिन
**नगर बुलेटिन**

**प्रधान सम्पादक**
अशोक कुमार व्याञ्जु

**सम्पादक**
कलानिधि देवकोटा

**सामग्री संयोजन**
मधुसुदन रिजाल
प्रमोद न्याछ्यों श्रेष्ठ
ई. मुस्कान श्रेष्ठ
सरिता सापकोटा
रवि वेन्जू

**वितरण**
रोशनी श्रेष्ठ

**डिजाइन**
राम थापा

**मुद्रण**
बि.जी. प्रिन्टिङ सर्भिस
काठमाडौं, नेपाल
फोनः ०१-४२५८१०५
इमेलः bgprinting2070@gmail.com

**सम्पर्क कार्यालय**
नेपाल नगरपालिका संघ
५३० पण्डोल मार्ग, लाजिम्पाट,
पोष्ट बक्स नं. १४२८६, काठमाडौं, नेपाल
फोनः (९७७-१) ४४२५६९२, ४४२०५५९
फ्याक्सः (९७७-१) ४४१८६७१
इमेलः muan@ntc.net.np, info@muannepal.org.np
वेभसाइटः www.muannepal.org.np

This Newsletter is Supported By:
"Municipalities Network Advocacy on Sanitation in South Asia Project"

# थप दुई प्रादेशिक नगर अध्ययन केन्द्रहरूमा भिडियो कन्फ्रेंसिंग प्रविधि जडान

प्रदेश नम्बर ३ अन्तर्गत हेटौडा उप-महानगरपालिका र प्रदेश नम्बर ३ हरिवोन नगरपालिका सर्लाहीमा भाद्र १९ र २० गतेको दिनमा भिडियो कन्फ्रेन्सिङ्ग प्रविधि जडान गरिएको छ। भिडियो कन्फ्रेंसिंग प्रविधि जडान संगै यसको प्रयोग विधि बारेमा नेपाल रिसर्च एन्ड एजुकेसन नेटवर्क (NREN) का नेटवर्क प्राविधिक अधिकृत, नीराजन पराजुलीले eclass को प्रयोग गर्ने बिधि बारे एउटा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।



नेपाल नगरपालिका संघ र NREN सँगको सहकार्यमा भिडियो कन्फ्रेन्स सिस्टम जडान गरिएको हो। सबै प्रादेशिक नगर अध्यन केन्द्रमा नेपाल रिसर्च एन्ड एजुकेसन नेटवर्कले प्राविधिक व्यवस्थापन मिलाउन सहयोग गरेको छ।

भिडियो कन्फ्रेन्सिङ्ग प्रविधि जडान पछि NREN को video conferencing software (eclass) बाट भिडियो भिडियो कन्फ्रेन्सिङ्ग प्रणालीको परिक्षण गरिएको थियो।



उक्त कार्यक्रममा उपमहानगरपालिकाको तर्फबाट विभिन्न वडाबाट प्रतिनिधित्व गर्नु भएका वडा अध्यक्ष, महासखा प्रमुख, प्रमुख प्रशासकिय अधिकृत भगवान अर्याल, शाखा अधिकृत- जगन्नाथ सापकोटा, भानुभक्त थपलियाले अवलोकन गर्नु भएको थियो।

भिडियो कन्फ्रेन्सिङ्ग परिक्षणको क्रममा NREN का इन्जिनियर निरज आचार्य ले हेटौडा उप-महानगरपालिकाले भिडियो कन्फ्रेन्सिङ्ग प्रविधिलाई विभिन्न क्षेत्रमा उपयोग गर्न सकिने कुरा बताउनु भयो। आफुलाई जुन software सजिलो हुन्छ, प्रयोग गर्न सकिन्छ। हाल NREN संग eclass को local video conferencing software र zoom video conference software प्रयोग गरि कुराकानी गर्न सकिने बताउनु भयो। कार्यक्रम गर्दा डेडीकेटेड इन्टरनेट छुटाउनु पर्ने बताउनुभयो। बिशेष त अडियो सेटिंग गर्दा बिशेष ध्यान दिनुपर्ने हुन्छ।

हेटौडा उप महानगर नगरपालिका network engineer भानुभक्त थपलियाले निकट भविष्य मा उप-महानगर विभिन्न वडा कार्यालयमा पनि भिडियो कनफ्रेंसिंग system जडान गरि भिडियोबाट वडा अध्यक्षसँग मेयर उपमेयरको मिटिंग गर्न सकिने र भविस्यमा अन्य क्षेत्रमा जडानको लागि पनि सहकार्य गर्न उप महानगर नगरपालिका पहल गर्ने बताउनु भयो।

हेटौडा उप-महानगरपालिकाले 'भिडियो कन्फ्रेन्स' प्रविधि लागू गर्न संघले ३ लाख ७५ हजार रूपैयाँ लगानी गरेको छ। भिडियो कन्फ्रेन्सका लागि महानगरले आफ्नै खर्चमा टिभी सेट खरिद गरेको छ।

हरिवोन नगरपालिकामा भर्खर निर्माण सम्पन्न भएको भवनमा भिडियो कन्फ्रेन्सिङ्ग प्रविधि जडान गरिएको छ। अब १ महिना भित्र सम्पूर्ण नगरपालिकाको कार्यालय नयाँ भवनमा सर्ने र विभिन्न अनलाइन मीटिंङ्ग तथा कार्यक्रम नगरपालिकाले भाग लिने जानकारी नगर प्रमुखले दिनु भयो।

नगरपालिकाका फोकल पर्सन, दिपेन्द्र उप्रेतीले, भिडियो कन्फ्रेन्सिङ्ग प्रविधिको लागि छुट्टै डेडीकेटेड इन्टरनेट छुटाईएकोले नगरपालिकाबाट सहज रूपमा अन्य क्षेत्र मा कुराकानी गर्न सकिने कुरा बताउनु भयो।



पृष्ठ १ बाट...

सहभागिता रहेको उक्त कार्यक्रममा संघका अध्यक्ष अशोक व्याञ्जुले नेपालका नगरपालिकाहरूको समृद्धिका लागि नेपाल नगरपालिका संघले हाल गरिरहेका गतिविधिहरूका बारेमा जानकारी गराउदै नमुना कानुनहरू निर्माण गरी नगरपालिकाहरूलाई सहजिकरण समेत गरिरहेको र आगामी दिनहरूमा समेत नगरपालिकाहरूकोसर्वाङ्गीण विकासका लागि संघ सदैव लागिरहने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो। कार्यक्रममा प्रस्तुत गरिएका नमुना नियमावलीहरूमा उपस्थित सबैले कार्यान्वयन तहको अवस्था हेरी कानुन निर्माण गर्न सुझाव दिनुभयो।



यस अघि लेखा समिति गठन र संचालन नियमावली २०७६ (नमुना) को निर्माण गरी सम्पुर्ण नगरपालिकाहरूलाई वितरण समेत गरिएको थियो।

# 'दिसाजन्य लेदो ब्यवस्थापन निति छलफल कार्यक्रम'

लहान नगरपालिकाको दिसाजन्य लेदो ब्यवस्थापन सम्बन्धि सम्भाव्यता अध्ययनका नतिजाहरू प्रस्तुत गर्ने र दिसाजन्य लेदो ब्यवस्थापन सम्बन्धि नगरस्तरिय निति बनाउन छलफल गर्ने मूल उद्देश्यका साथ लहान नगरपालिकाको सभा हलमा मिति २०७६ भाद्र २४ गतेका दिन एकदिने अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । सो कार्यक्रममा लहान नगरपालिकाका नगर प्रमुख मुन्नी साह सुडी, उप प्रमुख, प्रशासकीय प्रमुख, नगर कार्यपालिका सदस्यहरू, नगरपालिकाका विभिन्न शाखाका प्रमुखहरूको मुख्य उपस्थिति रहेको थियो ।





कार्यक्रममा दिसाजन्य लेदो ब्यवस्थापन सम्बन्धी सम्भाव्यता अध्ययनका नतिजाहरू प्रस्तुती एन्फोका जगम श्रेष्ठले गर्नुभयो भने दिसाजन्य लेदो ब्यवस्थापन सम्बन्धी नगरस्तरिय निति बनाउन छलफल सहितको क्रियाकलाप वातावरण कानूनविद जोनी मैनालीले गर्नु भयो । यसै गरी कार्यक्रमको सहजिकरण नेपाल नगरपालिका संघका मुस्कान श्रेष्ठ र एन्फोका बुद्ध बज्राचार्यले गर्नुभयो । कार्यक्रममा लहान नगरपालिकाका नगर प्रमुख मुन्नी साह सुडीज्यूले लहान नगरपालिकामा दिसाजन्य लेदो ब्यवस्थापनगर्नका लागि जस्तो सुकै सहकार्य, समन्वय र सहयोग गर्नको लागि लहान नगरपालिका प्रतिबद्ध रहेको उल्लेख गर्नु भयो ।

---

पृष्ठ ३ बाट...

स्वीकार्नुपर्ने बताउँदै प्रदेशसभा सदस्य साहले यसको विकल्प नरहेको बताए ।

प्रदेश सभासदस्य परमेश्वर साह, भरत साह र शिवचन्द्र चौधरीले एक आपसरमा बाँभिने कार्यविधि बनाउन नहुने धारणा राख्दै तीनै तहका जनप्रतिनिधिले दम्भ नगरी धरातलीय यथार्थलाई आत्मसात गर्दै एक अर्कालाई सहयोग गर्नु पर्ने बताए । नेपाल नगरपालिका संघका केन्द्रिय उपमहासचिव लालकिशोर साहले ऐन, विनियमका अभावले पनि समन्वयमा समस्या देखिएको प्रसङ्ग उल्लेख गरे । कार्यक्रममा अधिवक्ता सुनिल रञ्जन सिंहले कार्यविधि प्रस्तुत गर्दै तीनै तहलाई सबल बनाउन कार्यविधि तयार गरिएको बताए ।

तेसैगरी संघको आयोजनामा गण्डकी प्रदेशमा प्रदेश समन्वय परिषद् को व्यवस्थापन तथा कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम २२ भाद्र २०७६ मा पोखरामा सम्पन्न भएको छ । नगरपालिका संघका गण्डकी प्रदेश संयोजक दीपकबाबु कँडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारि प्रमुख अतिथिको रूपमा हुनुहुन्थ्यो । कार्यक्रममा गण्डकी प्रदेशका प्रतिनिधि सभा सदस्यज्यूहरू, गण्डकी प्रदेश समन्वय समितिका कार्यसमिति सदस्यज्यूहरू, कास्की, तनहुँ, स्याङ्जा, पर्वत, लमजुग, गोरखा र म्याग्दी जिल्ला अन्तर्गतका प्रतिनिधि नगरपालिकाकाका नगरप्रमुख र उप-प्रमुखज्यूहरू, जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ गण्डकी प्रदेश प्रतिनिधिहरूको सहभागिता थियो ।

कार्यक्रममा सभामुख अधिकारीले संघीयता कार्यान्वयनका सुरुका वर्षमा केही जटिलता आउने भए पनि मिलाएर जानुपर्ने बताए । संघीयता कार्यान्वयनका सन्दर्भमा पनि संघको भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो ।

नगरपालिकाका जनप्रतिनिधिहरूले प्रदेश सरकारले योजना कार्यान्वयन गर्दा स्थानीय सरकारलाई समन्वय गरेर अगाडी बढ्नु पर्ने कुरामा पनि जोड दिनु भयो । दुई सरकारबीच समन्वयमा काम हुन नसक्दा यो व्यवस्थामाथि नै प्रश्न उठ्ने बताउदै सरकारबीच समन्वय, सहकार्य होस्, नियमित संवाद भइराखोस् भनेरै यो कार्यविधि तयार भएको नगरपालिका संघका प्रादेशिक संयोजक दीपकबाबु कँडेलले बताए । कार्यक्रममा अधिवक्ता सुनिलरञ्जन सिंहले कार्यविधि प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी कर्णाली प्रदेशमा यस कार्यविधि माथी छलफल तथा अन्तरक्रिया कार्यक्रम ११ भाद्र २०७६ मा सम्पन्न भयो । नगरपालिका संघका कर्णाली प्रदेश संयोजक रत्न बहादुर खड्काको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कर्णाली प्रदेशका सभामुख माननीय राजबहादुर साही प्रमुख अतिथिको रूपमा हुनुहुन्थ्यो । उक्त कार्यक्रममा कर्णाली प्रदेशका प्रतिनिधि सभा सदस्यज्यूहरू, कर्णाली प्रदेश समन्वय समितिका कार्यसमिति सदस्यज्यूहरू, दैलेख, जाजरकोट र सल्यान जिल्ला अन्तर्गतका प्रतिनिधि नगरपालिकाकाका नगरप्रमुख र उप प्रमुखज्यूहरू,जिल्ला समन्वय समिति महासंघ कर्णाली प्रदेश प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ कर्णाली प्रदेश प्रतिनिधिहरूको सहभागिता थियो । एस कार्यक्रमलाइ सम्बोधन गर्दै माननीय सभामुखले एक अर्का सरकारबीच साभेदारी नगरे सम्म अपेछित प्रतिफल नदिने कुरागनु भयो । वहाँले यो सहकार्यलाई प्रदेश समन्वय परिषद मार्फत अगाडी बढाउनुपर्ने कुरा मा जोड दिनु भयो ।



प्रदेश माननीय अमर थापाले सबै तहका सरकारले आफ्नो आफ्नो कमजोरी स्वीकारेर संघियतालाई समन्वय रूपले अगाडी लानु पर्ने बताउनु भयो ।

कार्यक्रमका अध्यक्ष रत्न बहादुर खड्काले यो नमुना कार्यविधिले तिनै तहका सरकार बीच समन्वय पुलको काम गर्न सक्ने बताउनु भयो । कार्यक्रममा अधिवक्ता सुनिलरञ्जन सिंहले कार्यविधि प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी सुदुरपस्चिम प्रदेशमा एस कार्यविधि माथि छलफल तथा अन्तरक्रिया कार्यक्रम ९ भाद्र २०७६ मा सम्पन्न भयो । नगरपालिका संघका सुदुरपस्चिम प्रदेश संयोजक केशब बहादुर चन्दको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सुदुरपस्चिम प्रदेशका सभामुख माननीय अर्जुन बहादुर थापा प्रमुख अतिथिको रूपमा हुनुहुन्थ्यो । उक्त कार्यक्रममा सुदुरपश्चिम प्रदेशका प्रतिनिधि सभा सदस्यज्यूहरू, सुदुरपस्चिम प्रदेश समन्वय समितिका कार्यसमिति सदस्यज्यूहरू, कैलाली र कंचनपुर जिल्ला अन्तर्गतका प्रतिनिधि नगरपालिकाका नगरप्रमुख र उप प्रमुखज्यूहरू, जिल्ला समन्वय समिति महासंघ सुदुरपस्चिम प्रदेश प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ सुदुरपस्चिम प्रदेश प्रतिनिधिहरूको सहभागिता थियो ।

यस कार्यक्रममा माननीय अर्जुन बहादुर थापाले संघको यस कार्यलाई सराहना गर्दै यस कार्यक्रमले प्रदेश सरकारलाई अलर्ट गरेको बताउनु भयो । यस कार्यविधि बनाउने प्रमुख काम प्रदेश सरकारको भएको र यस नमुना कार्यविधिमा टेकेर प्रदेशले छिट्टै कार्यविधि तयार पर्ने कुरा पनि प्रस्ट पर्नु भयो ।

माननीय हर्क कुवरले प्रदेश सरकार र स्थानीय सरकार समन्वय गरेर आ-आप्नो दायित्व निर्बाह गर्नु पर्ने बताउनु भयो । माननीय तारा लामा तामांगले समन्वय र सहकार्य गरेर सबै सरकार अघि जानु पर्ने बताउनु भयो ।

कार्यक्रमका अध्यक्ष केशब बहादुर चन्दले तिनै वटा तहका सरकार अलग अलग ढंगले अघि बढेको र सहकार्य बिना अघि बढ्दा स्थानीय सरकारलाई हुने बताउनुभयो । स्थानीय सरकार जनतासँग प्रत्यक्ष रूपमा काम गर्ने हुनाले सहकार्य आवश्यक हुने बताउनु भयो । सहकार्य नहुँदा विकासका कामहरूमा दोहोरोपना आउने बताउनु भयो । कार्यक्रममा अधिवक्ता सुनिलरञ्जन सिंहले कार्यविधि प्रस्तुत गर्नुभएको थियो ।



# १ नं. प्रदेश अधिवेशन सम्पन्न



मुख्यमन्त्री माननीय शेरधन राईको प्रमुख आतिथ्यमा संघका केन्द्रीय अध्यक्ष एवं धुलिखेल नगरपालिका प्रमुख श्री अशोक कमार ब्याञ्जु र महासचिव एवं निलकण्ठ नगरपालिका, धादिङ्का प्रमुख श्री भिम प्रसाद ढुंगाना समेतको समुपस्थितिमा २०७६ भाद्र २० र २१ गते जारी नेपाल नगरपालिका संघ, प्रदेश १ को प्रदेश अधिवेशन ११ बुँदे धरान घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । अधिवेशनले इलाम नगरपालिकाका प्रमुख श्री महेश बस्नेतको संयोजकत्वमा मेचीनगर नगरपालिकाका प्रमुख श्री बिमल आचार्य उपसंयोजक रहेको १९ सदस्यीय प्रदेश १ समिति गठन गरेको छ । सदस्यहरूमा बम बहादुर कार्की, उपप्रमुख, फुङलिङ, ताप्लेजुङ, चन्द्रकुमार शेर्मा, प्रमुख, शिवसताक्षी, झापा, पबित्रा महतारा, उपप्रमुख, बिर्तामोड, झापा, खडग फागु, प्रमुख, उर्लाबारी, मोरङ, राजन मेहता, प्रमुख, इनरुवा, सुनसरी, सुनिता दाहाल, उपप्रमुख, दुहबी, सुनसरी, चिन्तन तामाङ, प्रमुख, धनकुटा, पार्बती सानु डाँगी, उपप्रमुख, म्याङ्लुङ, तेह्रथुम, रीता कुमारी चौधरी, उपप्रमुख, चौदण्डीगढी, उदयपुर, बिणादेवी राई, उपप्रमुख, रूपाकोट मझुवागढी, खोटाङ, मोहन श्रेष्ठ, प्रमुख, सिद्धचरण, ओखलढुंगा, जीवन कुमार श्रेष्ठ, प्रमुख, भद्रपुर, झापा, मुरारी प्रराद खतिवडा, प्रमुख, खाँदबारी, संखुवासभा, मञ्जु कुमारी अधिकारी, उपप्रमुख, महालक्ष्मी, धनकुटा, कैलाश कुमार आले मगर, प्रमुख, भोजपुर, रोहित कुमार शाह, प्रमुख, गौरादह, झापा र रमेश कुमार जिमी, प्रमुख, धर्मदेवी, संखुवासभा रहेका छन् ।

त्यस्तै, अधिवेशनले मेचीनगर नगरपालिका उपप्रमुख श्री मीना पोखेल (उप्रेती) को संयोजकत्वमा धर्मदेवी नगरपालिका उपप्रमुख श्री शोभा घिमिरे उपसंयोजक रहेको ७ सदस्यीय प्रदेश १ महिला विभाग समेत गठन गरेको छ । विभागको सदस्यहरू निम्न अनुसार छनः श्री मञ्जु प्रसाईं, उपप्रमुख, कन्काई, झापा, श्री पबिमाया राई, उपप्रमुख, देउमाई, ईलाम, श्री ममिता राई, उपप्रमुख, भोजपुर, श्री देवी कुमारी चौधरी, उपप्रमुख, त्रियुगा, उदयपुर र श्री तिला पोखरेल, उपप्रमुख, लालीगुराँस, तेह्रथुम छन् ।

# अध्ययन अवलोकन भ्रमण सम्पन्न

UNITED CITIES AND LOCAL GOVERNMENTS ASIA PACIFIC (UCLG-ASPAC) को निमन्त्रणामा नेपाल नगरपालिका संघका दश जना पदाधिकारी र सदस्य नगर प्रमुखहरुले १८ देखि २५ साउन २०७६ मा फोहर मैला तथा दिसा जन्य लेदो व्यवस्थापन सम्बन्धी अवलोकन तथा अध्ययन भ्रमण मलेशियाको क्वालालुम्पूर र इण्डोनेशियाको जकार्तामा



सहभागिता जनाउनु भयो । नगरपालिका संजालमा सरसफाई पैरवी परियोजना अन्तर्गत सम्पन्न भएको भ्रमणमा क्वालालुम्पूर नगरपालिका DBKL, INOAH WATER KONSORTIUM IWK, AD ADL JAYA, UPDT BEKAS, / OKI JAKARTA सँगको सहकार्यमा भएको थियो । अवलोकन तथा अध्ययन भ्रमणमा सहभागी जनाउनु भएका पदाधिकारीहरुले हामीलाई निम्न प्रतिक्रिया दिनु भयो ।

१. **अशोक कुमार ब्यञ्जु,**
*प्रमुख धुलिखेल नगरपालिका तथा संघका अध्यक्षः*



यस भ्रमणमा हामीले दिशा जन्य लेदो व्यवस्थापनमा धेरै उच्च प्रविधि प्रयोग भएको देख्यौं । यसबाट सिक्न हामीले धेरै छ । साथै यस्तो ज्ञान अब सरकारीस्तरमा लैजान समेत जरुरी छ । किनकि निति नियम निर्माण मन्त्रालयसँगै समन्वय गर्न जरुरी छ ।

२. **कविता ढुंगाना**
*उप-प्रमुख बेलकोटगढी नगरपालिका तथा संघका उपाध्यक्षः*



फोहर देखि मोहर भन्ने सुनेको थिए । यो कसरी सम्भव हुँदो रहेछ भनि देख्ने मौँका पाईयो । फोहर मैला व्यवस्थापन दुर्गन्ध रहित पनि हुँदो रहेछ ।

३. **भिम प्रसाद ढुंगाना**
*प्रमुख निलकण्ठ नगरपालिका तथा संघका महासचिवः*



नगरपालिका संजालमा सरसफाई पैरवी परियोजना साधारण नेपालीले सरसफाई सम्बन्धी सोचेको भन्दा धेरै अघि छ । मेरो नगरपालिकामा पनि दिशा जन्य लेदो व्यवस्थापन सम्बन्धी काम गर्न तयार छौं । साथै यसबाट पनि उर्जा शक्ति निकाल्न सम्भव रहेछ ।

४. **लाल किशोर शाह**
*प्रमुख, जनकपुरधाम उप महानगरपालिका तथा संघका उप महासचिवः*



यस भ्रमणले हामीलाई सरसफाई तथा दिसा जन्य लेदो व्यवस्थापन सम्बन्धी अवसरहरु बाहेक त्यसमा काम गर्दाका चुनौतीहरुबारे पनि जानकारी दिईयो । अब आ-आफ्नो क्षेत्रमा सरसफाई सम्बन्धी निर्णयहरु लिदा हामीलाई अझ अब्बल बनाएको छ ।

५. **घनश्याम पाण्डे**
*प्रमुख तुल्सिपुर उप महानगरपालिका तथा संघका कोषाध्यक्षः*



फोहर मैला तथा वातावरण प्रदुषण बढ्दै गएका शहरहरुका प्रमुख समस्या हुन । हाम्रोमा यस सम्बन्धी प्राविधिक ज्ञानको कमी छ । यस भ्रमणले हामीलाई दिशा जन्य लेदो व्यवस्थापन बारे पनि सोच्न प्रोत्साहन गर्यो । हामीले नगरपालिकाहरु बिच भगिनी संम्बन्ध विस्तार गरेर सहकार्य गर्दा राम्रो हुन्छ ।

६. **हरिप्रभा खड्गी श्रेष्ठ**
*उप प्रमुख काठमाडौँ महानगरपालिका तथा संघका सह-कोषाध्यक्षः*



काठमाडौँ महानगरपालिकाले ठूलो जनसंख्या थेग्नुको साथै देशको राजधानीको पनि जिम्मेवारी वहन गरेको छ । हाम्रोमा सेफ्टी ट्यांकी नभईकन नयाँ घरको नक्सा पास नहुने नियम भएता पनि सबैको घरको दिशा जन्य लेदो ढल मार्फत खोलामा बगेकै छ । यो साह्रै नराम्रो हो । यस भ्रमणले हामीलाई धेरै राम्रा विकल्पहरु दिएको छ । काठमाडौँलाई यो ठूलो उपहार हो । म आफ्नै तवरबाट केन्द्रिय सरकारसँग दिसा जन्य लेदो प्रसोधन केन्द्रबारे माग गर्न सहयोगको लागी तयार छु ।

७. **मुनी साल सुढी**
*प्रमुख, लाहान नगरपालिकाः*



यस भ्रमणले हामीलाई फोहोर मैला व्यवस्थापनमा सिकेका र त्यसलाई व्यवहारमा ल्याउन धेरै राम्रा कुराहरु छन् । फोहरलाई राम्ररी व्यवस्थापन गरे यसबाट धेरै फाईदा छन् । मैले आफ्नो नगरपालिकामा गर्न अझ धेरै रहेछ र यो सम्भव छ भनि म प्रोत्साहित भएँ ।

८. **कुल बहादुर खत्री क्षेत्री,**
*प्रमुख लमही नगरपालिका*



हामीले अब हाम्रो क्षेत्रका सेफ्टी ट्यांकीहरु भरिदै छन् । र यसको उचित व्यवस्थापन जरुरी छ, भन्ने तिर सोच्न पर्ने जरुरी छ । जति सुकै उच्च मात्राको फोहर पनि राम्रोसँग व्यवस्थापन गर्न सकिने रहेछ । अझ यस भ्रमणले त सेफ्टी ट्याँकलाई किन घर पछाडीको कुनामा लुकाउने बरु व्यवस्थापन गर्न सजिलो होस् भनि घर अघि नै किन निमार्ण नगर्ने भनि सिकायो । दिसा जन्य लेदो व्यवस्थापन केन्द्रिय सरकारसँगै मिलेर गर्न जरुरी छ । अब म फर्केर यस सम्बन्धी काम गर्न जरुरी छ । अब म फर्केर यस सम्बन्धी काम गर्न हामी मध्ये पहिलो हुन चाहान्छु ।

९. **दिलिप प्रताप खादा**
*प्रमुख वालिंग नगरपालिकाः*



यस भ्रमणबाट सिकेका कुराहरु थोरै हदसम्म पनि उतार्न सकियोस् । मैले सिकेका कुराहरु मेरो नगरपालिकामा अवश्य अपनाउने छु । फोहर मैला तथा दिशा जन्य व्यवस्थापन भनेका शहरीकरणसँग जोडेको प्रमुख अंश हो । यसले हामीलाई उज्यालो भविष्य तिर लान मदत गर्नेछ । यस्ता राम्रा कार्य हाम्रै कार्यकालमा शुरु गर्न पाउँ भन्ने मेरो ईच्छा छ ।

१०. **सुरेन्द्र बहादुर बिष्ट**
*प्रमुख भिमदत्त नगरपालिकाः*



विकसित मुलुकहरुमा फोहर मैला तथा दिशा जन्य लेदो व्यवस्थापन केन्द्रिय सरकारकै रोवहरमा अघि बढेका छन् । यसमा नगरपालिकाहरुले साथ दिएर राम्रा प्रविधिहरु अपनाउन सहयोग गरे मात्र शहर आफै विकसित हुन्छ । यस भ्रमणले हामीले गरेका काममा अझ थप बल प्रधान गर्न सहयोग गर्‍यो ।